

प्रकाश शर्मा

ञायु न्यायको मार्गचित्र

(२)

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९



ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :

**देवीप्रसाद सिटौला**

(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:

**राजकुमार श्रेष्ठ**

९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २४२ ❑ २०८३ असोज ०३ गते शनिबार ❑ Saturday, 19 Sept. 2026 ❑ मूल्य ७ /-


### दमक नपा अन्तर्गतका कर्मचारीलाई कडा निर्देशन

# ड्युटीमा बसेर फेसबुकमा रमाउन बन्देज

✍ विमल लामिछाने



**दमक/** दमक नगरपालिकाले सूचना नै जारी गरेर कर्मचारीलाई अफिस टाइममा सामाजिक सञ्जालमा अलमल नगर्न भनेको छ ।

कर्मचारी प्रशासनका नाममा विहिवार जारी सूचनामार्फत नगरपालिका, वडा कार्यालयहरू तथा अन्तर्गतका सम्पूर्ण कर्मचारीहरूलाई सम्बोधन गरिएको सूचनामार्फत यस्तो जानकारी गराइएको हो ।

सूचनामा भनिएको छ, 'यस दमक नगरपालिका र वडा कार्यालयहरू तथा अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा कार्यरत रहेका कर्मचारीले कार्यालय समयमा पोशाक समेत लगाई कुर्सीमा बसेर टिकटक फेसबुक लगायतका सामाजिक सञ्जालमा पोष्ट गरी कर्मचारी आचरण बिपरित काम गरेको पाईएको हुँदा अब उप्रान्त उक्त कार्य गरेको देखिएमा कानुन बमोजिम कारबाही गरिने ब्यहोरा सबैको जानकारीको लागि अनुरोध छ ।'

कार्यालय समयमा पोशाक लगाएर कुर्सीमै बसेर टिकटक बनाउने वा फेसबुक स्क्रोल गर्ने बानी सामान्य अलमल वा मनोरञ्जन मात्र होइन, यो सामाजिक सञ्जालको एल्गोरिदमले निम्त्याएको मानसिक लत र सार्वजनिक उत्तरदायित्वप्रतिको चरम उदासीनता पनि हो ।

विज्ञानको चरम उत्कर्षले ल्याएको प्रविधिको सदुपयोग सबैले गर्नुपर्छ तर यसको दुरूपयोग भयो भने उपलब्धी भन्दा क्षति बढी भएका उदाहरण पनि हामीले देखिरहेकै छौं । दमक नगरपालिकाले हालै जारी गरेको चेतावनीमूलक सूचनाले सरकारी सेवा प्रवाहमा प्रविधिको दुरूपयोगले सिर्जना गरेको गम्भीर प्रशासनिक चुनौतीलाई छर्लङ्ग पारेको छ । सामाजिक सञ्जालका इन्फिनिट स्क्रोलिङ र डोपामाइन लुप जस्ता प्राविधिक पासोले मानिसलाई अन्जानमै कार्यस्थलको दायित्व छाडेर स्क्रिनमा अल्झाइराख्छ । यसरी कार्यालय समयमा कर्मचारीहरु सामाजिक सञ्जालमा लाग्दा यसका धेरै दूरगामी बेफाइदाहरु देखा पर्छन् ।

सबैभन्दा ठूलो बेफाइदा सार्वजनिक सेवा प्रवाहको ढिलासुस्ती र कार्यसम्पादनमा आउने गिरावट हो । जब कर्मचारीको ध्यान पटक-पटक मोबाइलको सूचना र भिडियोमा मोडिन्छ, उसले गर्ने कामको गति र गुणस्तर स्वतः घट्छ । एउटै काम पूरा हुन दोब्बर समय लाग्छ भने ध्यानभङ्गका कारण नागरिकका संवेदनशील कागजात वा सिफारिसहरूमा गम्भीर प्रशासनिक त्रुटि हुने जोखिम उच्च रहन्छ ।

दोस्रो ठूलो बेफाइदा भनेको नागरिक विश्वासमा आउने ह्रास र सार्वजनिक निकायको साख गिर्नु हो । सेवा लिनका लागि घण्टौँ लाइनमा बसेका सर्वसाधारणका अगाडि जिम्मेवार कर्मचारी आफैं धुनमा टिकटक वा फेसबुकमा व्यस्त रहँदा जनतामा तीव्र निराशा र आक्रोश पैदा हुन्छ । यसले सम्पूर्ण निजामती तथा स्थानीय प्रशासनप्रति नै सर्वसाधारणको नकारात्मक धारणा बढाउँछ ।

यसका साथै, संस्थागत मर्यादा र सूचनाको गोपनीयतामा समेत गम्भीर खतरा पैदा हुन्छ । सरकारी पोशाक र कार्यालयको कुर्सीमा बसेर बनाइने अमर्यादित सामग्री वा भिडियोले राष्ट्रिय प्रतीक र

बाँकी ४ पेजमा ▸▸

# आफ्नै जिल्लामा एक्लिए सिटौला र शेखर



**दमक/** नेपाली काँग्रेसमा देउवालाई छोड्नेक्रम बढेसँगै जिल्ला स्तरसम्म यसको असर परेको छ । बिहीबार मात्रै सिटौलासमेत सहभागी रहेको देउवा पक्षका नेताहरूको ठूलो समूह सानेपा फर्किएको छ । यसको प्रत्यक्ष असर जिल्लासम्म परेको हो ।

मोरङका शेखर र झापाका सिटौला आफ्नै गृहजिल्लामा एक्लिने अवस्थामा पुगेका छन् । केही दिन अघिसम्म शेखर र सिटौलाको साथमा रहेका उनीहरूकै गृह जिल्लाका नेताहरूले उनीहरूको साथ छाडेका छन् ।

विशेष महाधिवेशन अघिसम्म कांग्रेसको कोशी प्रदेशदेखि संसदीय दलसम्म, जिल्ला समितिदेखि स्थानीय तहका पार्टी संरचनासम्म बलियो प्रभाव भएका सिटौलाले आफ्नै निर्वाचन क्षेत्रमा पनि एक्लिने अवस्थाको सामना गर्नुपर्ने अवस्था आएको छ ।

पार्टीभित्र कोशीमा लामो समय प्रभाव राखेका सिटौलाको अवस्था पनि शेखरको भन्दा फरक छैन । देउवा-सिटौला समीकरणमा रहेका कोशीका धेरै नेता अहिले गगन थापा नेतृत्वको मूल कांग्रेसमा पुगेका

बाँकी ४ पेजमा ▸▸

# १३ देशका लागि राजदूत सिफारिस

**दमक/** सरकारले भारत, चीन र अमेरिकासहित १३ मुलुकहरूमा राजदूत नियुक्तिका लागि सिफारिस गरेको छ । प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका, अध्ययन तथा अनुसन्धानमा संलग्न र नेतृत्वदायी भूमिकामा काम गरिसकेका व्यक्तिहरूलाई राजदूतमा सिफारिस गर्ने निर्णय गरेको जनाएको छ । परराष्ट्रमन्त्री शिशिर खनालले विभिन्न क्षेत्रका योग्य र अब्बल व्यक्तिहरूलाई राजदूतमा सिफारिस गरिएको जानकारी दिएका छन् ।

बाँकी ४ पेजमा ▸▸

# १८२ जनालाई घरमै राहदानी वितरण

**धनकुटा/** एकसय ८२ जना सेवाग्राहीलाई जिल्ला प्रशासन कार्यालय धनकुटाले घरमै आएर राहदानी वितरण गरेको छ । सरकारले अघि सारेको सेवा घरदैलोमै भन्ने नीतिअनुसार गत जेठदेखि भदौ मसान्तसम्मा घरमै राहदानी पाएका हुन् ।

प्रशासन कार्यालय धनकुटामा घरमै राहदानी पाउनेगरी दुईसय ३४ जनाले फाराम भरेका थिए । जसमध्ये एकसय ८२ जनाले घरमै राहदानी पाइसकेका छन् । अन्य बाँकी रहेका ५२ जनाको राहदानी आउन बाँकी रहेको पाइएको छ । बाँकी रहेकाहरूको पनि राहदानी आएपछि घरमै पाठाइने जिल्ला प्रशासन कार्यालय धनकुटाका प्रशासकीय अधिकृत पुष्पलाल धमलाले जानकारी दिनुभयो । तीन नगरपालिका र चार गाउँपालिका रहेको धनकुटामा राहदानी बनाउनेलाई प्रशासन कार्यालयले

बाँकी ४ पेजमा ▸▸

### कांग्रेसको १५ औ महाधिवेशन आजदेखि शुरू

# झापामा १३१ वडाका लागि निर्वाचन अधिकृत तय

झापा । नेपाली कांग्रेसको आइतवारदेखि १५औं महाधिवेशन अन्तर्गत गाउँ ,नगरका वडा अधिबेशन शुरू हुदै छ । झापासहित देशभरिनै भदौ ३ र ४ गते हुने वडा अधिबेशनको सम्पूर्ण तयारी पूरा भएको कांग्रेसले जनाएको छ ।

कांग्रेस झापाका कार्यालयय सचिव जयकुमार दाहालका अनुसार झापाका १५ वटै पालिकाका १३१ वटै वडामा अधिबेशन सम्पन्न गर्न निर्वाचन अधिकृत तोकिएको छ ।

कांग्रेसको निर्वाचन कार्यतालिकाअनुसार वडा अधिवेशन असोज ३ र ४ गते तथा केन्द्रीय महाधिवेशन असोज १६ देखि १९ गतेसम्म गर्ने तयारी छ ।

यसैवीच, कांग्रेस जिल्ला कार्यसमितिले विहिबार विर्तामोडस्थित पार्टी कार्यालयमा महाधिबेशनको तयारीका विषयमा जिल्लास्तरिय भेलासहितको बैठक सम्पन्न गरेको थियो । विस्तारित बैठकमा कांग्रेस कोशी प्रदेशका सभापति उद्धव थापाले पार्टीभित्रको एकताबाट मात्रै देश निर्माण र समृद्धिको आधार तयार हुने बताउदैं १५औं महाधिवेशनलाई एकताको महाधिवेशनका रूपमा सम्पन्न गर्नुपर्ने धारणा राखे ।

लोकतान्त्रिक प्रक्रियामा निर्वाचन महत्वपूर्ण हुने उल्लेख गर्दै थापाले महाधिवेशनलाई प्रतिस्पर्धाभन्दा पनि पार्टीको आन्तरिक एकता बलियो बनाउने अवसरका रूपमा अघि बढाउनुपर्ने बताए ।

बैठकमा कांग्रेस केन्द्रीय सदस्य उमा शिवाकोटीले निर्धारित समयमै १५औं महाधिवेशन सम्पन्न हुने बताइन् । उनले वडा तहदेखि केन्द्रसम्म सहमतिको आधारमा अधिवेशन सम्पन्न गर्न सबै तहका नेता-कार्यकर्तालाई आग्रह गरिन् ।

कांग्रेस झापाका पूर्वसचिव तथा पूर्वमन्त्री वीरमणी ढकालले १५औं महाधिवेशन कांग्रेसका लागि महत्वपूर्ण परीक्षा भएको बताए । परिवर्तनको प्रक्रियाबाट अघि बढेको कांग्रेसलाई एकताबद्ध बनाउनु

बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा भारतीय नागरिकको मृत्यु

दमक/ झापाको झापा गाउँपालिका -३ मा बिहीवार बिहान भएको मोटरसाइकल दुर्घटनामा परी एक भारतीय नागरिकको ज्यान गएको छ । मोटसाइकल सामुदायिक कुकुरका कारण अचानक आफै अनियन्त्रित भइ दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक भारत किशनगञ्ज जनता सिंघिमारी फुटानी बजार बस्ने बर्ष २८ का सुल्तान अली गम्भीर घाइते भएका थिए । टाउकोमा गम्भीर चोट लागेका अलीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा चिकित्सकले मृत्यु भइसकेको घोषणा गरेका थिए ।

## बाढीबाट ९ हजार ४२८ बालबालिका प्रभावित

**दमक/** भोटेकोशीमा आएको बाढीका कारण ३२ वटा विद्यालयका ९ हजार ४२८ बालबालिका प्रत्यक्ष प्रभावित भएको बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले जानकारी दिएको छ । रसुवा, नुवाकोट र धादिङका बालबालिका प्रभावित भएको अभियान 'सिजप'का अध्यक्ष तिलोत्तम पौडेलले बताए ।

शुक्रबार सिजपले आयोजना गरेको 'बाढीले बालबालिकामा पारेको प्रभाव र सञ्चारकर्मीहरूको दायित्व' विषयक छलफल कार्यक्रममा पौडेलले यस्तो तथ्यांक प्रस्तुत गरेका हुन् ।

उनका अनुसार प्रभावितमध्ये १ हजार ३७३ जना बालबालिका विस्थापित भएर होल्डिङ सेन्टरमा बसिरहेका छन् । प्रारम्भिक प्रतिवेदनअनुसार ४८८ जना विद्यार्थी अझै सम्पर्कविहीन छन् । ५ जना विद्यार्थी मृत भेटिएका छन् ।


हार्दिक बधाई तथा शुभकामना



दमक क्याम्पसका सहप्राध्यापक **श्री भूमिप्रसाद दाहाल** **नेपाल महेन्द्र संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रबाट विद्यावारिधि (पीएचडी)** को उपाधिका लागि सिफारिस हुनु भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै शैक्षिक उन्नयनका लागि हाम्रो **शुभकामना** ।

**ढुण्डीराज भण्डारी** (अध्यक्ष)

**यज्ञराज गिरी** (क्याम्पस प्रमुख)

एवम् **दमक बहुमुखी क्याम्पस परिवार**

दमक-झापा

# सम्पादकीय

## मानव सेवक बनोस् प्रविधि

प्रविधिको विकासले मानव सभ्यतालाई अभूतपूर्व गतिमा अघि बढाइरहेको छ । केही दशकअघिसम्म कल्पनामा सीमित रहेका प्रविधिहरु आज हाम्रो दैनिक जीवनका अभिन्न अंग बनिसकेका छन् । कृत्रिम बुद्धिमत्ता (एआई), रोबोट, स्वचालित प्रणाली र ड्रोन यसको पछिल्ला उदाहरण हुन् । तर प्रविधिको विकाससँगै एउटा गम्भीर प्रश्न पनि उभिएको छ, मानवले बनाएको प्रविधि मानवकै नियन्त्रणमा रहन्छ कि कुनै दिन मानव सभ्यताका लागि चुनौती बन्न पुग्छ ?

ड्रोनको प्रयोगलाई नै हेरौँ । नेपालजस्तो भौगोलिक रुपमा विकट र प्राकृतिक विपत्तिको उच्च जोखिममा रहेको मुलुकमा ड्रोन प्रविधि उद्धार, खोज तथा राहतका लागि उपयोगी बन्न सक्छ । पहिरो, बाढी, हिमपहिरो, भूकम्प वा दुर्गम क्षेत्रमा आपत्कालीन अवस्थाको निरीक्षण गर्न ड्रोनले छोटो समयमै महत्वपूर्ण सूचना उपलब्ध गराउन सक्छ । जोखिमपूर्ण स्थानमा मानिस पुग्न नसकेको अवस्थामा ड्रोन मानव जीवन बचाउने माध्यम बन्न सक्छ । अर्थात्, नेपालमा यसको प्रयोगलाई मुख्यतः मानवीय आवश्यकता र सार्वजनिक सेवासँग जोडेर अघि बढाउने सम्भावना छ ।

तर विश्वका केही शक्तिशाली राष्ट्रहरुमा यही प्रविधिको अर्को स्वरुप देखिन्छ । युद्धका क्रममा निगरानी, लक्ष्य पहिचान र आक्रमणका लागि ड्रोनको प्रयोग बढ्दै गएको छ । एउटै प्रविधि कसैका लागि जीवनरक्षक उपकरण बन्न सक्छ भने अर्कोतर्फ विनाशको साधन पनि बन्न सक्छ । यसले प्रविधि आफैं राम्रो वा खराब नभई त्यसको उद्देश्य, प्रयोग र नियन्त्रण महत्वपूर्ण हुने तथ्य उजागर गर्छ ।

ड्रोनपछि अब कृत्रिम बुद्धिमत्ताको विकासले यही बहसलाई अझ गहिरो बनाएको छ । एआईले लेखन, शिक्षा, स्वास्थ्य, उद्योग, अनुसन्धान, बैंकिङलगायत अनेक क्षेत्रमा कामलाई सहज बनाएको छ । रोबोट र स्वचालित प्रणालीले कठिन, जोखिमपूर्ण तथा दोहोरिने काममा मानिसलाई सहयोग गरिरहेका छन् । तर रोजगारीमा पर्ने प्रभाव, गोपनीयताको सुरक्षा, गलत सूचना, साइबर अपराध तथा स्वचालित हतियारजस्ता विषयले नयाँ चुनौतीसमेत सिर्जना गरेका छन् ।

मानवले आफ्नो सुविधाका लागि निर्माण गरेको प्रविधि अन्ततः मानव नियन्त्रणभन्दा बाहिर जानु हुँदैन । आणविक हतियारको इतिहासले शक्ति र प्रविधिको असन्तुलनले कस्तो भय सिर्जना गर्न सक्छ भन्ने देखाइसकेको छ । अब ड्रोन, एआई र स्वचालित हतियारको युगमा त्यही गल्ती दोहोरिन दिनु हुँदैन ।

त्यसैले प्रविधिको विकास रोक्ने होइन, प्रविधिको विवेकपूर्ण नियन्त्रण र मानवीय उपयोग सुनिश्चित गर्ने नीति आवश्यक छ । विज्ञानले सम्भावनाको ढोका खोल्छ, तर त्यसलाई कुन दिशामा लैजाने निर्णय मानिसकै हो । प्रविधि मानवको मालिक होइन, मानवको सेवक बन्नुपर्छ । यही सोचले मात्र विकासलाई विनाशबाट र प्रविधिलाई भयबाट जोगाउन सक्छ ।

## सामान्य ज्ञान

१. "चराई मिलन पर्व" कुन समुदायमा प्रचलित पर्व हो ?
उत्तरः पश्चिम नेपालमा बस्ने राना थारू समुदाय

२. "चिरै भजहर पर्व" कुन जातिसंग सम्वन्धित रहेको छ ? उत्तरः थारू

३. "जितलाई जसले पनि आत्मसात गर्न सक्छ भने हारलाई बहादुरले मात्र पचाउन सक्छ" । यो भनाइ कसको हो ? उत्तरः एडोल्फ हिटलर

४. ४०० मिटर लामो नेपालको एक मात्र मानव निर्मित सुरूङ कसको पालामा बनाइएको थियो ? उत्तरः श्री ३ चन्द्रशमशेर

५. सात पहाडहरूको शहर (ऋष्तथ या क्भखभल र्जषकि) भनेर कुन सहरलाई चिनिन्छ ? उत्तरः रोम (इटाली)

६. सुपारी विवाह कुन जातिमा प्रचलित छ ? उत्तरः धिमाल

७. नेपालको हालको क्षेत्रफल (१,४७,१८१ व.कि.मी.) कहिले देखि कायम भएको हो ? उत्तरः वि.सं. २०३६ साल

८. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ? उत्तरः सुवानन्द दास

९. राउटे समुदायले केवल बाजामात्र बजाएर नाच्ने नाचलाई के भनिन्छ ?
उत्तरः बैशाली

१०. टंगाल दरवार कसले बनाएका हुन् ? उत्तरः भीमशमशेर

## खानपान र जीवनशैली

### पाकेको मासुलाई फ्रिजबाट निकाली तताएर खानु हानिकारक



दमक/ मासुलाई एकैपटक पकाएर फ्रिजमा राखेर निकाल्दै ताताउँदै खानु हुँदैन । यसरी खाँदा पोषण हुँदैन ।

नपकाएको मासु फ्रिजमा राख्ने अनि आवश्यक मात्रामा पकाएर खानुपर्छ । पकाएको बासी मासुको प्रयोग गर्नु हुँदैन । पेट ढुस्स भयो भने छाक छोड्नुपर्छ । कोचेर मासु खानु हुँदैन । दिनको तीनपटक मासु, तीनपटक मदिरा, जंक फुड खानु हुँदैन । मधुमेह, उच्च रक्तचाप, युरिक एसिडजस्ता समस्या आइपर्न सक्छ । मासु र मदिरा एकैपटक सेवन नगर्नू भनिन्छ । थोरै मदिरा सेवन गर्दा फाइदा हुन्छ भन्ने कुरा सत्य होइन । यो विष नै हो । यसले कलेजो बिगार्छ ।

मोटोपन भएकाहरूले कम मात्रामा मासु खानुपर्छ । मोटोपन बढ्यो भने झन् रोग बढ्दै जान्छ । पातलो शरीर भएकाले अपच हुने गरी खानु हुँदैन । त्यसैले सावधानी अपनाएर खानुपर्छ । चाडबाडको बेला मात्रै होइन, अरू बेला पनि खाँदा यी कुरामा ध्यान दिनुभयो भने तपाईं खाएकै कारण बिरामी हुनुहुने छैन ।

**रोगबाट जोगिन के गर्ने ?**

योगा गर्ने, ध्यान गर्ने, एक्सरसाइज गर्ने, बिहान आधा/एक घण्टा हिंड्ने, घाममा बस्ने । समग्रमा जिब्रोलाई नियन्त्रणमा राख्नुपर्छ । सानो जिब्रोलाई नियन्त्रण गर्ने हो भने पूरै शरीर स्वस्थ रहन्छ । यसले जीवनलाई खुसी र सुखी बनाउँछ ।

# जलवायु न्यायको मार्गचित्र



प्रकाश शर्मा

**उच्च कार्बन उत्सर्जनलाई निरन्तरता दिन चाहन्छन् तर वैज्ञानिक अध्ययन र जलवायु विनाशका प्रत्यक्ष घटनाले अब जलवायु परिवर्तन र यसका नकारात्मक प्रभावलाई अस्वीकार गर्नु भनेको मृत्युको अनिवार्यतालाई अस्वीकार गर्नु जस्तै हो ।**

नेपाल-चीन सीमामा हिमपहिरोका कारण सुरू भएको विनाशकारी रसुवा बाढीले आर्थिक विकासमा बामे सर्दै गरेको नेपालको अर्थतन्त्रमा अपूरणीय क्षति पुर्‍याएको छ । यो बाढीले नेपाली अर्थतन्त्रका तीन वटा प्रमुख क्षेत्रमा धक्का पुर्‍याएको छ । नेपालको जलविद्युत्को विकाससँगै इन्धनको परनिर्भरता घटाउने र विद्युत् निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने उद्देश्यमा बाधा पुगेको छ । चीनसँगको सीमा व्यापारको सहज मार्ग ध्वस्त भएको छ र धार्मिक तथा साहसिक पर्यटनको एउटा क्षेत्र पूर्ण रूपमा प्रभावित भएको छ । त्यसैले यो बाढीको नकारात्मक प्रभाव लामो समयसम्म रहने देखिन्छ । अनुमानित तथ्यांकमा हेर्दा नेपालले रसुवा बाढीमा २७ बिलियन डलरको हानि नोक्सानी बेहोरेको छ र पूर्ण रूपमा पुनर्स्थापनाका लागि ४.१५ बिलियन डलर लाग्ने छ ।

रसुवा बाढीले नेपाल र विश्वभरि केही प्रश्न खडा गरेको छ । के यो बाढी जलवायु परिवर्तनको नतिजा हो ? के यो बाढीका कारण र जिम्मेवारी नेपाल मात्रै हो ? नेपालले यो बाढीबाट भएको क्षति एक्लैले बेहोर्नुपर्ने हो ? विश्व समुदायको के भूमिका हुन्छ ? अबका दिनमा नेपालको रणनीति के हुने ? यिनै नैतिक र रणनीतिक प्रश्नको जवाफ खोज्ने प्रयास यस लेखमा गरिएको छ ।

हामीले जलवायु परिवर्तन, यसले हिमालय क्षेत्रमा पार्ने प्रभाव तथा जलवायु न्यायका विषयमा केन्द्रित हुनुपर्ने हुन्छ । औद्योगिक क्रान्तिपूर्व मानव र प्रकृतिबिचको सम्बन्ध तुलनात्मक रूपमा सुमधुर थियो तर औद्योगिक क्रान्तिको सुरुवातसँगै उक्त सम्बन्धमा बिस्तारै दरार उत्पन्न हुँदै गयो । उद्योगबाट हुने अत्यधिक कार्बन उत्सर्जनले पृथ्वीलाई मानव बसोबासका लागि नै अनुपयुक्त बनाउँदै लगेको छ । सन् १९३८ मा गाय क्यालेन्डर नामक वैज्ञानिकले औद्योगिक कार्बन उत्सर्जन र पृथ्वीको तापमान वृद्धिबिचको सम्बन्धलाई स्पष्ट पार्दै यसले भविष्यमा पार्न सक्ने सम्भावित प्रभावलाई समेत दर्शाएका थिए तर आर्थिक समृद्धिको भुत सवार पश्चिमी समाजले यस विषयलाई लामो समयसम्म नजरअन्दाज गरिरह्यो । परिणामस्वरूप, वायुमण्डलमा कार्बनडाइअक्साइडको मात्रा अत्यधिक रूपमा वृद्धि हुँदै गयो र त्यसको प्रत्यक्ष प्रभावस्वरूप समग्र पृथ्वीको तापमानमा निरन्तर वृद्धि भइरहेको छ ।

औद्योगिक क्रान्तिपूर्व वायुमण्डलमा कार्बनको मात्रा २८० पिपिएम (पार्ट पर मिलियन) थियो । वायुमण्डलको उपयुक्तताका लागि ३५० पिपिएमसम्म रहनुपर्ने मानिन्छ तर हालसम्म आइपुग्दा ४२२ पिपिएम पुगेको छ । यो वृद्धिले तापबन्दीको काम गर्दै पृथ्वीको तापक्रम वृद्धिमा प्रभाव पारेको छ । वैज्ञानिक तथ्यांकलाई आधार मान्दा प्रतिदशक ०.२ डिग्री सेल्सियसका दरले पृथ्वीको तापक्रम बढिरहेकरुो छ । वातावरण वैज्ञानिकले सन् २१०० सम्म औद्योगिक क्रान्तिपूर्वकरुो भन्दा १.५ डिग्री सेल्सियसभन्दा बढीको तापक्रम वृद्धिलाई विनाश निम्त्याउन सक्ने भनेर सावधान बनाइसकेका छन् । अझै भयानक तथ्य के सार्वजनिक भएको छ भने हिमालय क्षेत्रमा १.८ डिग्री सेल्सियस तापक्रम बढीसकेको छ । यो तापक्रम वृद्धिले ठुलो मात्रामा हिउँ पग्लिने र भयानक हिउँ पहिरा निम्त्याउने सम्भावना छ । यिनी र यस्तै विनाशकारी दुर्घटनाबाट मानव समाजलाई जोगाउन वैज्ञानिक र वातावरण विज्ञले ठुलो मात्रामा कार्बन उत्सर्जन कटौती गर्नुपर्ने प्रस्ताव गरेका छन् तर अमेरिका जस्ता विकसित देश जसको विगतको कार्बन उत्सर्जनमा हिस्सा बढी छ, तिनीहरु नै उत्सर्जन कटौतीको विपक्षमा देखिएका छन् । यसले जलवायु परिवर्तनको समस्यालाई अझै गम्भीर बनाएको छ ।

यो तापक्रम वृद्धिले जलवायु चक्रमा प्रभाव पार्दै जलवायु परिवर्तनलाई निम्त्याएको छ । जसका कारण अतिवृष्टि, अनावृष्टि हुँदै हाम्रो कृषिप्रणालीलाई ठुलो क्षति पुर्‍याउँदै छ । बरफको अधिक पग्लाइले समुद्रको सतह बढ्दै छ र धेरै बस्ती डुबानमा पर्दै छन् । अगाडि नै उल्लेख गरे जस्तै हिमालय क्षेत्रमा अधिक तापक्रम वृद्धिले हिमपहिरोका कारण हिमताल विस्फोट र हिमनदीमा विनाशकारी बाढी आइरहेका छन् । हालसालै रसुवामा आएको बाढी यसैको एउटा रूप हो । यो बाढीको कारक नेपाल नभई अति धेरै कार्बन उत्सर्जन गर्ने विकसित देश हुन् ।

ढिलो गरी देखिने हिंसा

जलवायु परिवर्तन र यसको असरको यथार्थतालाई स्पष्ट पार्न विद्वान् रोब निक्सनले आफ्नो पुस्तक 'स्लो भाएलेन्स इन्भायरमेन्टलिजम अफ द पोर' (२०११) मा यसको ढिलो गरी देखिने प्रभाव वा विध्वंसलाई संकेत गर्दै यसलाई 'ढिलो गरी देखिने हिंसा' भनेका छन् । यसको अर्थ जलवायु परिवर्तनले निम्त्याउने विनाशमा युद्धमा जस्तो विनाश गर्ने र विनाश भोग्ने आमनेसामने हुँदैनन् । यसकरुो प्रभाव लामो समयपछाडि मात्र देखिन्छ । अझ भन्नुपर्दा हिंसा गर्ने र हिंसा भोग्ने बिचको सम्बन्ध सुषुप्त हुन्छ । यो 'ढिलो गरी देखिने हिंसा' को दृष्टिकोणले हालसालैकरुो रसुवा बाढीको जिम्मेवार ती विकसित देश हुन् जसले लामो समयसम्म उच्च कार्बन उत्सर्जनमार्फत यो विनाश निम्त्याएका छन् । नेपालले आफूले नगरेको अपराधको सजाय भोग्नु परेको छ । यो नै वर्तमानको ठुलो अन्याय हो ।

जलवायु परिवर्तनको यही असमान प्रभाव र यसले निम्त्याएका नैतिकता र न्यायिक प्रश्न जलवायु न्यायको सिद्धान्तसँग सम्बन्धित छन् । यस सिद्धान्तले सर्वप्रथम त बिनासर्त तत्काल अधिक कार्बन उत्सर्जनलाई घटाउनु पर्छ भन्ने कुरामा जोड दिन्छ । हालसम्मको जलवायु परिवर्तनले निम्त्याएका विनाशको क्षतिपूर्तिका रूपमा विकसित राष्ट्रले क्षति बेहोरेका कम विकसित राष्ट्रलाई 'हानि तथा नोक्सानी कोष' मार्फत वित्तीय तथा प्राविधिक सहयोग पुर्‍याउनु पर्छ । पीडितलाई जलवायु संकटसँग जुध्नका लागि सक्षम बनाउन मद्दत गर्नु विकसित राष्ट्रको दायित्व हुन्छ । यसलाई अझ स्पष्ट पार्दै अधिकारकर्मी मेरी रबिन्सनले आफ्नरुो पुस्तक 'क्लाइमेट जस्टिस : हरुोप, रेजिलियन्स एन्ड दी फाइट फर अ सस्टेनेबल फ्युचर' (२०१८) मा जबसम्म जलवायु न्याय स्थापित गर्न सकिँदैन, तबसम्म अन्य प्रकारका न्यायको कुरा गर्नु बेकार छ भनेका छन् । उनका अनुसार अहिलेको अवस्थामा जलवायु न्याय स्थापित गर्नु सबैभन्दा महत्वपूर्ण हुन्छ र यसले नै अन्य न्यायका लागि मार्ग खोलिदिन्छ । यसरी वर्तमानमा जलवायु परिवर्तनले निम्त्याएको संकटलाई जलवायु न्यायको बाटोबाट समाधान गर्नु अनिवार्य छ ।

**जलवायु न्यायको मार्ग**

के विकसित राष्ट्र जलवायु परिवर्तनको कारकको जिम्मेवारी लिन तयार छन् ? यो स्पष्ट छ कि उनीहरु यसको जिम्मेवारी लिन तयार छैनन् । लेखक तथा विश्लेषक अमिताभ घोसले उनको पुस्तक 'दी ग्रेट डिरेन्जमेन्ट : क्लाइमेट चेन्ज एन्ड दी अन्थिंकेबल' (२०१६) मा अमेरिका जस्ता विकसित देश र ठुला तेल कम्पनीले जलवायु परिवर्तनलाई भ्रम र अनिश्चित विषय हो भनेर लेख्न र तर्क गर्न केही विद्वान् र वैज्ञानिकलाई ठुलो आर्थिक लगानी गरेको दाबी गरेका छन् । यसो गर्दै उनीहरु उच्च कार्बन उत्सर्जनलाई निरन्तरता दिन चाहन्छन् तर वैज्ञानिक अध्ययन र जलवायु विनाशका प्रत्यक्ष घटनाले अब जलवायु परिवर्तन र यसका नकारात्मक प्रभावलाई अस्वीकार गर्नु भनेको मृत्युको अनिवार्यतालाई अस्वीकार गर्नु जस्तै हो । विकसित देशले आफ्ना विगतका गल्तीलाई स्विकार्दै, वर्तमानमा कार्बन उत्सर्जनलाई घटाउँदै जलवायु न्यायको मार्गमा हिंड्नु अनिवार्य छ । यो सजिलो छैन तर ग्लोबल साउथमा रहेका देशको एकता र अभियानकर्मीको सक्रियताले यसलाई यथार्थमा बदल्नु पर्ने छ । अन्यथा यसको परिणाम मानव सभ्यता नै संकटमा पर्नु हुने छ ।

नेपालको कुल हरित ग्यास उत्सर्जनमा नगण्य अर्थात् कुल उत्सर्जनको ०.०२७ प्रतिशत जिम्मेवारी छ तर जलवायु संक्टबाट अति जोखिममा रहेका १० देशमध्ये नेपाल पनि पर्छ । यो अन्यायपूर्ण अवस्थाका बारेमा विश्व मञ्च जस्तै संयुक्त राष्ट्रसङ्घको महासभा, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि, पक्षहरुको सम्मेलन (कोप) लगायतमा नेपालले खरो रूपमा आवाज उठाउनु अनिवार्य छ । नेपालले जलवायु न्यायका लागि केही अग्रसरता पनि देखाएको छ । काठमाडौंमा सन् २०२४ मा भएको 'पिपल्स क्लाइमेट जस्टिस एसेम्ब्ली' र सन् २०२५ मा भएको 'सगरमाथा संवाद' यसका उदाहरण हुन् । जलवायु न्यायको अभियानमा नेपालले आंशिक सफलता प्राप्त गरेको छ, तर अझै धेरै गर्न बाँकी छ । सन् २०२५ सम्मको तथ्यांक हेर्दा हालसम्म नेपालले ४०७.१ मिलियन अमेरिकी डलर अथवा ५८ अर्ब नेपाली रूपियाँ विभिन्न योजनाका लागि प्राप्त गरेको छ । यो रकम नेपालको क्षतिको तुलनामा साह्रै कम छ ।

विसं २०८१ असोज १०-१२ को बाढी र पहिरोमा मात्रै नेपालले लगभग ४६ अर्बको क्षति बेहोरेको थियो । हालको रसुवा बाढीकरुो ४५ खर्बभन्दा बढीको क्षतिले हामीलाई आर्थिक रूपमा उठ्नै नसक्ने बनाएको छ । यो क्षतिको कारक नेपाल होइन र नेपालले आफ्नो आन्तरिक आयबाट धान्न सक्ने परिस्थिति पनि छैन । त्यसैले अन्तर्राष्ट्रिय सहयोग लिनु अति आवश्यक छ । नेपालले वित्तीय मात्रै होइन, जलवायु संक्टसँग जुध्नका लागि प्राविधिक र प्रविधिको समेत सहयोगको अधिकार राख्दछ । यो बाढीको विषयमा विश्वको ध्यान त नेपालतर्फ तानिएको छ तर समग्र क्षतिपूर्तिको टुङ्गो छैन । त्यसैले नेपालले हालसम्मका अनुभवबाट पाठ सिक्दै विश्व मञ्चमा जलवायु न्यायको मुद्दालाई बलियो बनाउनुपर्ने छ । यसका लागि विज्ञको एक स्थायी संरचनाको निर्माण गरी सहभागितामूलक र न्यायपूर्ण हिसाबमा रणनीति निर्माण गरी अगाडि बढ्नु अनिवार्य छ । यसबाट मात्रै नेपालले बहुआयामिक क्षतिपूर्ति प्राप्त गर्दै जलवायु संक्टलाई राम्रोसँग सामना गर्न सक्छ ।

अन्त्यमा, रसुवा बाढीले नेपालको आर्थिक क्षेत्रमा अपूरणीय क्षति पुर्‍याएको छ । यो एक प्राकृतिक विपत्ति मात्र नभई विकसित देशले आर्थिक उन्नतिका लागि गरेको प्रकृतिको शोषणको नतिजा हो । यो जलवायु परिवर्तनका कारण निम्तिएको जलवायु संक्टको एउटा रूप हो र जलवायु न्यायसँग जोडिन्छ । यसका लागि उच्च कार्बन उत्सर्जन गर्ने विकसित देश जिम्मेवार छन् र तिनीहरु क्षतिपूर्ति मात्रै होइन, समग्र संक्ट व्यवस्थापनका लागि सम्पूर्ण रूपमा तयार हुनु पर्छ । जलवायु परिवर्तनका लागि कम जिम्मेवार हुँदाहुँदै पनि नेपाल एक उच्च जोखिममा रहेको देशमध्ये पर्ने हुनाले जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा आवाज उठाउनुपर्ने देखिन्छ । यसका लागि विज्ञको सहभागितामा विगतका अनुभवबाट सिक्दै नयाँ रणनीतिक योजनाका साथ अघि बढ्नु आवश्यक छ । गोप

# तीन दशकदेखि महाकालीमाथि झुन्डिएको जीवन

✍ नरेन्द्रसिंह कार्की

बिहानैदेखि महाकालीको किनारमा मानिसहरूको आउजाउ सुरू हुन्छ । कोही औषधि लिन भारततर्फ लाग्छन्, कोही बालबालिकालाई विद्यालय पुर्‍याउन । कसैलाई घरायसी सामान किन्नु छ, कसैलाई रोजगारीको खोजीमा बाहिर निस्कनु छ । तर उनीहरूको बाटो सडक वा पुलबाट होइन, महाकालीमाथि झुन्डिएको एउटा तारबाट सुरू हुन्छ ।

व्यास गाउँपालिका-२ दुम्लिङका बासिन्दाको तीन दशकभन्दा लामो दैनिकी यही हो । नेपालतर्फको तल्लो दुम्लिङ र भारततर्फको गर्बाधार जोड्ने महाकाली नदीमा स्थानीयले अस्थायी तुइन लगाएका छन् । सुरक्षित पुल नहुँदा त्यही तुइनबाट जोखिम मोलेर वारपार गर्नु उनीहरूको बाध्यता बनेको छ ।

'तुइन' भन्ने शब्द उनीहरूका लागि नयाँ होइन । नयाँ त केवल हरेक वर्ष दोहोरिने दुर्घटनाको डर हो ।

"फेरि तुइनको समाचार आउँदा हामीलाई गाह्रो हुन्छ," एक स्थानीयले भने, "भारतीय प्रहरीले नदेख्ने गरी राति तुइन लगाएर नदी पार गर्नुपर्छ । नेपालतिरै सहज बाटो र पुल भइदिएको भए लुकिछिपी जानुपर्ने थिएन ।"

स्थानीयका अनुसार महाकाली नदीमा पानीको सतह बढेका बेला तुइनको यात्रा झन् जोखिमपूर्ण हुन्छ । नदीको बहाव बढ्छ, तार हल्लिन्छ र वारपार गर्ने व्यक्तिको मनमा दुर्घटनाको त्रास हुन्छ । तर विकल्प नहुँदा जोखिम स्वीकार गर्नुको अर्को बाटो उनीहरूसँग छैन ।

व्यास गाउँपालिका-२ का वडाध्यक्ष धीरेन्द्र बुढाथोकीका अनुसार दुम्लिङमा पुल निर्माणको माग उठेको ३१ वर्षभन्दा बढी भइसकेको छ । वि.सं. २०५२ सालदेखि स्थानीयले पुलको माग गर्दै आएको उनले बताए ।

"तुइनबाट यात्रा गर्नु रहर होइन, बाध्यता हो," उनले भने, "जनताको माग ३१ वर्षसम्म पनि सरकारले सुनिदिएन ।"

**सडक छ, यात्रा छैन**

दुम्लिङसम्म नेपाली सेनाले सुन्सेरा-तुसरपानीबाट करिब २० किलोमिटर सडकको ट्र्याक खोलेको छ । तर सडक भएर मात्रै स्थानीयको समस्या समाधान भएको छैन । वर्षायाममा सडक सञ्चालन गर्न कठिन हुन्छ । कतिपय ठाउँमा गाडी चल्न नसक्ने भएपछि पैदल यात्रा नै विकल्प बन्छ ।

नेपालतर्फबाट सदरमुकाम खलंगा पुग्न गाडीमा एक दिनसम्म र पैदल हिंड्दा दुई दिनसम्म लाग्ने स्थानीय बताउँछन् । यसको तुलनामा भारततर्फको सडक कालोपत्रे भएकाले गर्बाधार हुँदै खलंगा पुग्न करिब एकदेखि डेढ घण्टा मात्रै लाग्छ ।

यही भौगोलिक अवस्थाका कारण दुम्लिङका बासिन्दा दैनिक आवश्यकताका लागि समेत भारततर्फ निर्भर हुनुपरेको छ ।

स्थानीय चक्रसिंह बुढाथोकीका अनुसार भारततर्फबाट दैनिक उपभोग्य सामान ल्याउँदा सस्तो पर्छ । गाडी भाडासमेत नेपालतर्फको भन्दा कम हुने भएकाले पुल बनेपछि स्थानीयको दैनिकी धेरै सहज हुने उनको भनाइ छ ।

**तुइनले लिएको ज्यान**

दुम्लिङमा तुइनको जोखिम केवल आशंकामा सीमित छैन । वडा कार्यालयको तथ्यांकअनुसार तुइनबाट महाकाली पार गर्ने क्रममा हालसम्म ३६ जनाले ज्यान गुमाएका छन् । तीमध्ये २३ जनाको विवरण वडा कार्यालयमा अभिलेखित छ भने बाँकीको आधिकारिक अभिलेख भेटिन नसकेको वडाध्यक्ष बुढाथोकीले बताए ।

वि.सं. २०५० देखि २०८२ असार ३१ गतेसम्मका घटनालाई आधार बनाएर तयार गरिएको विवरणमा तुइनबाट खसेर बेपत्ता भएका स्थानीयको लामो सूची छ ।

दुम्लिङका सीता बुढाथोकी, हिमशिखा बुढाथोकी, जयसिंह बुढाथोकी, बरूसिंह बुढाथोकी, बिनिता बुढाथोकी, लक्ष्मी भण्डारी बुढाथोकी, विमला जोहारी, जसपाल लोहार, सिन्दल भण्डारी, सचिन बुढाथोकी र नारायण बुढाथोकीलगायत महाकालीमा खसेर बेपत्ता भएको वडा कार्यालयको विवरणमा उल्लेख छ ।

व्यास-३ का भवानसिंह कुँवर, किस्मा धामी, देवसिंह धामी, इन्द्रसिंह धामी, भूपेन्द्रसिंह धामी, कुशलसिंह बुढाथोकी, वसन्ती कामी, रोहित कामी र जयसिंह धामी पनि तुइन दुर्घटनाका पीडित बनेका छन् । महाकाली नगरपालिका, हुम्ला र भारतका नागरिकसमेत यसै क्रममा बेपत्ता भएको विवरण छ ।

**तीन घण्टाको पुल**

दुम्लिङबाट करिब तीन घण्टा पैदल दूरीमा मालगाउँमा नेपाल(भारत जोड्ने झोलुङ्गे पुल छ । पुल नभएको होइन, तर स्थानीयका लागि त्यो पुल दैनिक जीवनमा प्रयोग गर्न सहज दूरीमा छैन ।

"मालगाउँको पुलसम्म पुग्नै तीन घण्टा लाग्छ । भारी बोकेर त्यति टाढा हिंड्नु सबैका लागि सम्भव हुँदैन," स्थानीय उषा विष्टले भनिन् ।

जिल्लाका अन्य सीमावर्ती क्षेत्रमा भने तुइन विस्थापन गरेर झोलुङ्गे पुल निर्माण भइसकेका छन् । लेकम-३ को लाली, मालिकार्जुन-६ को उकु, व्यास(२ को मालगाउँ, व्यास-४ को मलघट्टे र व्यास-६ को बडूगाउँमा नेपाल-भारत जोड्ने पुल बनेका छन् ।

दुम्लिङमा भने त्यो अभियान अझै आइपुगेको छैन ।

पहल भयो, तर महाकालीमै अड्कियो

श्रम संस्कृति पार्टीका अध्यक्ष एवं सांसद हर्क सम्पाङले दुम्लिङस्थित महाकालीमा झोलुङ्गे पुल निर्माण गर्ने घोषणा गरेका थिए । सर्वेका लागि टोलीसमेत परिचालन भयो । तर दुई देशको साझा नदी भएकाले महाकालीमा संरचना निर्माणका लागि भारतको सहमति आवश्यक पर्ने भएपछि योजना अघि बढ्न सकेन ।

त्यसपछि सम्पाङको पहलमा दुम्लिङकै शाखा खोला काठाखोलामा पुल निर्माण गरियो । श्रमदानबाट कल्जु र दुम्लिङ जोड्ने पुल बनेपछि स्थानीय बस्तीबीचको आवतजावत भने सहज भएको छ ।

तर स्थानीयको मुख्य समस्या त्यहाँ होइन ।

महाकालीमाथि पुल नबन्दासम्म दुम्लिङबासीको जोखिम सकिँदैन ।

व्यास-२ मा दुम्लिङ, तल्लो दुम्लिङ र कल्जुलगायत क्षेत्रमा करिब ११५ घरधुरी छन् । अस्पताल, विद्यालय, रोजगारी र बजारसँग जोडिन उनीहरूलाई सुरक्षित आवतजावत चाहिएको छ ।


महाकालीमा पुल निर्माणका लागि कूटनीतिक पहल आवश्यक छ । स्थानीय तहको प्रयास मात्रै पर्याप्त नहुने भएकाले संघीय सरकारले भारतसँग संवाद गरेर समाधान खोज्नुपर्ने स्थानीयको माग छ ।

दशकौँदेखि तुइनको तार समातेर महाकाली पार गर्दै आएका दुम्लिङबासीको अब एउटै प्रश्न छ -

"हामीले पुल मागेको ३१ वर्ष भयो । अब हाम्रो हातबाट तुइनको तार कहिले छुट्छ ?"

- इन्सेक अनलाईनबाट

# श्रवण मुकारुङको उपन्यास "सलह"लाई पद्मश्री साहित्य पुरस्कार




भोजपुर / कवि तथा लेखक श्रवण मुकारुङको उपन्यास 'सलह'लाई पद्मश्री साहित्य पुरस्कार-२०८३ प्रदान गरिने भएको छ ।

खेमलाल-हरिकला लामिछाने समाज कल्याण प्रतिष्ठान, रत्ननगर-१, चितवनले सार्वजनिक गरेको प्रेस विज्ञप्तिअनुसार वि.सं. २०८२ मा प्रकाशित नेपाली साहित्यका उत्कृष्ट कृतिमध्ये मुकारुङको 'सलह'लाई पद्मश्री साहित्य पुरस्कारका लागि छनोट गरिएको हो ।

प्रतिष्ठानका अनुसार पुरस्कारका लागि प्राप्त १९२ पुस्तकमध्ये मूल्यांकन समितिले 'सलह'लाई उत्कृष्ट कृतिका रूपमा छनोट गरेको हो । पद्मश्री साहित्य पुरस्कारको राशि तीन लाख रूपैयाँ रहेको छ ।

'सलह'सँगै प्रतिष्ठानले पद्मश्री साधना सम्मान र पद्मश्री गौरव पुरस्कार-२०८३ समेत प्रदान गर्ने जनाएको छ । नेपाली साहित्यमा योगदान पुऱ्याउने स्रष्टालाई सम्मान गर्ने उद्देश्यले प्रतिष्ठानले हरेक वर्ष यी पुरस्कार तथा सम्मान प्रदान गर्दै आएको छ ।

भोजपुरको टेम्केमैयुङ ४ नागीमा जन्मेका मुकारुङ नेपाली साहित्यमा कविता तथा आख्यानका माध्यमबाट परिचित स्रष्टा हुन् । कवि तथा लेखक श्रवण मुकारुङका नेपाली साहित्यका विभिन्न विधामा कृतिहरु प्रकाशित छन् । उनका प्रमुख कवितासंग्रहमा देश खोज्दै जाँदा (२०४९), जीवनको लय (२०६०) र चर्चित बिसे नगर्चीको बयान (२०६७ आसपास) रहेका छन् । त्यसैगरी उहाँका गीतसङ्ग्रहतर्फ हिउँको दरबार (२०५३) र सुन रे सियाराम (२०७१) उल्लेखनीय कृति हुन् ।

मुकारुङका नाट्यकृतिमा यलम्बर (२०५३) र मितिनी (२०७६) रहेका छन् । त्यस्तै भावालय (निबन्धसंग्रह), फूलको आवाज लगायतका कृतिहरु पनि उनका साहित्यिक सिर्जनामा पर्छन् ।

उपन्यास विधातर्फ भने 'सलह' उहाँको पहिलो उपन्यास हो, जुन २०८२/२०८३ मा प्रकाशित भएको हो । यही कृति पद्मश्री साहित्य पुरस्कार-२०८३का लागि छनोट भएको छ ।

विशेषगरी बिसे नगर्चीको बयानलाई उहाँको चर्चित कविताकृतिमध्ये एक मानिन्छ भने सलहले उहाँको साहित्यिक यात्रालाई आख्यान विधातर्फसमेत विस्तार गरेको छ । 'सलह' उपन्यासलाई पद्मश्री साहित्य पुरस्कारका लागि छनोट गरिएसँगै उनको कृतिले थप चर्चा पाएको छ ।

## लघुकथा

# चरित्र



✍ डिल्लीप्रसाद अधिकारी

गान्धी बजारमा अचानक, डुल्दै गरेको मलाई, कसैले पछाडिबाट कठालोमा पक्रेर झल्ट्याङ-झुल्टुङ् पारेपछि मैले पनि पछाडि फर्केर तत्क्षण उसलाई रन्फनिने गरि झापड हाने अनि मात्रै वस्तु स्थितिमा दृष्टि घुमाउदा थाहा पाएँ उ त अपरिचित कुनै स्त्री थिइ ।

" किन मलाई सासूलाई मानसिक यातना दिने भनेर लेखिस् हँ?- "तलाईँ के थाहा छ म सासूलाई कति माया गर्छु भनेर?" रिसले काम्दै उसले यसो भनेपछि म छक्क परेँ ।

" म तपाईँलाई चिन्दै चिन्दिन भने म तपाईँबारे त्यस्तो कुरा कसरी भन्छु होला, अनि किन?"- भन्दै थिएँ, भीड जम्मा भइहाल्यो ।

"भनेको होइन । तैँले त लेखेको पो छ त" । "कुनै कथामा वा कुनै कवितामा?" सोधेँ एउटा लेखक हुनुको हैसियतमा । " अँ, मेरो विषयमा फेसबुकमा, ह्वाट्स्एपमा त्यस्तो लेख्ने हो?"-भन्दै मतिर झम्टिएकी उसलाई अहिले भने भीडका केही महिलाले तानेकाले म बाँचे ।

" बहिनी! तिमीलाई मैले दोष्याएको होइन । त्यो त कथा पऱो त"- र अझै भनेँ -"मैले कथा लेखेको हूँ । अब त्यो तिमीसँग, तिम्रो जीवनसँग, तिम्रो प्रवृत्तिसँग त्यो मिल्नु त खालि एउटा संयोग मात्रै हो" ।

उ कड्की" थाहा छ मलाई पनि, साहित्य समाजकरुो दर्पण हो । अनि त्यसरी मलाई लेख्ने ?"

अझै पनि म नम्र नै थिएँ र भने- " कि त्यसो भए मेरो त्यो रचनाको पात्र तिमी नै हौ? त्यो नकारात्मक प्रवृत्ति भएका समाजमा अरु छैनन् त ? अनि त्यसो भए तिमीले पनि सासूलाई मानसिक यातना दिने गरेकी छौ?" - सोध्दै थिएँ त्यसैबेला महिला अधिकार कर्मी पुलिस समेत लिएर आए । एउटी नारीलाई थप्पड हानेको अपराधमा मलाई पुलिसले हिरासतमा लिए । मेरो कुरा कसैले नसुन्नु स्वाभाविक नै हो । किनभने मैले एक महिलालाई अचानकै झापड हानेको थिएँ ।

थानामा मैले बयान दिएपनि अहिले म हिरासतमा छु । भोलि न्यायालयमा मलाई फेरि आफ्नो सफाइ दिनुपर्ने छ । मरु अहिले रातको चकमन्नतामा एउटै कुरा न्यायाधीशलाई बिन्ती गर्ने सोचिरहेको छु कि अब कवि/लेखकलाई पनि सरकारले सुरक्षा दिनुपर्नेछ । देशमा साहित्यकार असुरक्षित छन् आफैँले कल्पेका चरित्रहरुबाट ।

*रिनाक, सिक्किम*

## पुस्तक-साभार

# राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



✍ रविन्द्र मिश्र

## पदभन्दा दायित्व ठूलो

गतांकबाट ... कलेज पढ्दाताका कुनै सन्दर्भमा बुबाले मलाई एक पटक भन्नुभएको थियो, हेर् जीवनमा जे गरे पनि इमानदारीसाथ गर्नु । पद ठूलो कुरा होइन, यो देशमा पद पाउन कत्ति पनि गाह्रो छैन । तर पदले मागेको दायित्व कति जिम्मेवारीसाथ वहन गरिन्छ, त्यो ठूलो कुरा हो । त्यसैले तँ जति ठूलो पदमा पुगे पनि कुर्सीले मागेको दायित्व पूरा गरिस् भने मात्र म खुसी हुन्छु। अन्यथा तैले हासिल गर्ने पदले मेरा लागि कुनै अर्थ राख्नेछैन । त्यो वाणी मेरो कानमा सबै गुन्जिरह्यो । जीवनभर गुन्जिरहनेछ। बुबा, कहींकतै जानीबुझीकन बाटो बिराएँ भने आकाशको एउटा कुनाबाट सम्झाइदिनुहोला छोरा, मैले भनेको बिर्सिस् ? १ भदौ २०७५

**अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान**

स्तम्भलेखनमा कूटनीति, अर्थनीति, राजनीति, शिक्षा, स्वास्थ्य जस्ता ठूलाठूला ठानिएका विषयबारे लेख्दालेख्दै कहिलेकाहीँ ससाना लाग्ने तर अत्यन्तै सुन्दर विषय ओझेलमा पर्ने रहेछन् । स्तम्भकारका रूपमा यो मेरो व्यक्तिगत अनुभव हो । त्यसैले म बेलाबखत ठूलाबाट साना ठानिएका विषयहरूमा फर्किने गर्छु। ती विषय कुनै वास्तविकतासँग र कुनै सपनासँग जोडिएका हुन्छन्। तर ती मूलतः राजकाजकै ढङ्ग र अङ्गका विषय हुन् ।

एउटा अन्तर्राष्ट्रिय सम्मेलनका लागि काठमाडौंमा जताततै टालटुल र छेकछाक चलिरहँदा म चाहिँ सँगै जोडिएको ललितपुरको भैसेपाटी आवास क्षेत्रमा रहेको १२३ रोपनी सफा र खुला जग्गामा वर्षौंदेखिको एउटा सपनामा सयर गरिरहेको छु । हरेक बिहान वरपरका रूखमा घुरिरहेका ढुकुर, चिर्बिराइरहेका भँगेरा, कराइरहेका सारौं र कौवा, एक्लाएक्लै गाइरहेका धोबीचरा अनि खेतबारीमा चरिरहेका परेवाहरु । सबैले सिर्जना गरेको लयात्मकताको पृष्ठभूमिमा जब हर बिहान उक्त क्षेत्रको फन्को लगाउँछु, सबै एउटा सपना कसरी पूरा गर्न सकिएला भनेर सोच्छु । म आबद्ध पार्टी अहिले नै त्यो सपना पूरा गर्न सक्ने अवस्थामा छैन । त्यसैले देशको गौरव बढाउने, इतिहास निर्माण गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तर कार्यरूपमा परिणत गर्न त्यति कठिन नहुने उक्त सपना प्रधानमन्त्री केपी ओलीले पूरा गरिदिऊन् भन्ने मेरो चाहना छ । उनले गरेनन् र राजनीतिमै भएका कारण कुनै दिन सो काम गर्न सक्ने अवस्थामा पुगें भने उक्त ठाउँमा म विश्वस्तरको विशिष्ट पहिचान बोक्ने एउटा अन्तर्राष्ट्रिय मूर्तिकला उद्यान ( इन्टरनेसनल स्कल्पचर पार्क) निर्माण गरेरै छाड्छु । कैयौ अनौपचारिक छलफलका आधारमा उक्त कामका लागि स्थानीयको लगभग पूर्ण समर्थन रहनेछ भन्नेमा म विश्वस्त छु ।

**"बेभर्ती हिल्स अफ काठमान्डू**

भैसेपाटी आवास इलाका काठमाडौ उपत्यकामा सबैभन्दा सुन्दर र व्यवस्थित क्षेत्र हो भन्दा फरक नपर्ला । चक्रपथबाट ठीक बाहिर, काठमाडौंको केन्द्रबाट न धेरै टाढा, न धेरै नजिक । योजना गरेर बनाइएको बस्ती, जसमा प्रशस्त त्रुटि छन् र पनि उपत्यकाभित्र त्योभन्दा सुन्दर ठाउँमा रहेको व्यवस्थित बस्ती मैले अर्को देखेको छैन। पानीको अभाव छैन, धूलोधूवाँ कम छ। अलि उचाइमा छ, दक्षिणपट्टि नजिकै हरिया पहाड र अलि सफा मौसम भएका बेला उत्तरपट्टि हरिया पहाडसँगै १८० डिग्रीमा हिमाल देखिन्छ । साँझबिहान वृद्धवृद्धाहरु लठ्ठी टेक्दै र नटेक्दै आरामले खुला बाटोहरूमा टहलिरहेका हुन्छन् । युवायुवतीहरु आ ँ नै सुरमा मस्त हुन्छन् भने केटाकेटीहरु साइकलमा कुदिरहेका, फुटबल, क्रिकेट खेलिरहेका देखिन्छन् ।

उक्त क्षेत्रमा बस्ने विदेशी कूटनीतिज्ञ र अन्य विदेशीहरु छोराछोरीहरूलाई 'ट्रली'मा घुमाइरहेका पनि भेटिन्छन् । राम्राराम्रा रेस्टुराँले आकर्षण बढाएकै छ, घटाएको छैन । घरजग्गाको भाउ अकासिएको छ भने नेपालकै सबभन्दा ठूलो र सुविधासम्पन्न निजी अस्पताल भैसेपाटीमै बनेको छ । २२ मिटर चौडा बाटो भैसेपाटी हुँदै हिँडेर पनि सजिलै पुग्न सकिने ऐतिहासिक महत्त्व बोकेका र नेवा कलाले पूर्ण दुई ओटा बस्ती बुङ्मती र खोकनातिर जान्छ । ती सबैका कारणले होला, एक पटक मलाई एक जना विदेशीले भनेका थिए, इन ˆ याक्ट, यू क्यान कल भैसेपाटी दी बेभर्ती हिल्स अफ काठमान्डू (वास्तवमा भन्ने हो भने, तपाईं भैसेपाटीलाई काठमाडौंको बेभली हिल्स भन्न सक्नुहुन्छ) । अमेरिकाको क्यालिफोर्नियास्थित बेभर्ती हिल्सले विविध कारणले गर्दा जसरी उच्च महत्त्व राख्छ, भैसेपाटी त्यस्तै हुन लागिसक्यो भन्ने उनको संकेत थियो । क्रमशः...

## मनोरञ्जन

# एकैपटक तीन सोः

# झिंगेदाउ-२, कार्की साइँला र माया बस्छ कि के हो !




दमक/ शुक्रवारबाट हलमा तीन नयाँ फिल्म थपिएका छन् । ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको बहुप्रतीक्षित 'झिंगेदाउ-२', जितु नेपाल स्टारर 'कार्की साइँला' र प्रेमकथामा आधारित 'माया बस्छ कि के हो !' आजदेखि प्रदर्शनमा आएका हुन् ।

रूपमा राम्रो शो पाएका छन् भने सीमित हलमा लागेको 'माया बस्छ कि के हो !' को शो भने न्यून छ । अब दर्शकको रोजाइमा कुन फिल्म पर्छ भन्ने चासो बढेको छ ।

चार वर्षअघि हिट भएको 'झिंगेदाउ' को सिक्वेल भएकाले 'झिंगे दाउ-२' प्रति सुरूदेखि नै दर्शकको चासो छ । पारिवारिक कथामा बनेको फिल्ममा केकी अधिकारी, आँचल शर्मा, महेश त्रिपाठी, कुशल विष्ट र आर्यन सिग्देललगायतको अभिनय छ । परिच्छेद सेनको पटकथा तथा संवाद रहेको फिल्मको लेखन गोविन्द फुयाँल र शिशिर चालिसेले गरेका हुन् ।

त्यस्तै, राजेन्द्र बस्नेत निर्देशित 'कार्की साइँला' मा जितु नेपाल र प्रियना आचार्य मुख्य भूमिकामा छन् । फिल्मले भारी बोक्ने भरियाको जीवन, गाउँमा हुने हेपाइ र दोस्रो विवाहको विषयलाई कथाको केन्द्रमा राखेको छ ।

उता 'माया बस्छ कि के हो!' ले अध्ययन तथा रोजगारीका लागि युरोप पुगेका युवायुवतीबीचको प्रेम, समर्पण र मतभेदलाई पर्दामा उतारेको छ । राजु अधिकारी निर्देशित फिल्ममा सोनाल लामा र कस्मता निरौला मुख्य भूमिकामा छन् ।




## विज्ञान/प्रविधि

# कसरी जुराइन्छ समुद्री आँधीको नाम ?

समुद्री आँधी । आँधीको नाम सुन्नेबित्तिकै धेरैको शरीर नै सिरिङ्ग हुन्छ । विनाशको पर्याय बनेको आँधीबाट नडराउने त कोही भएन । विभिन्न देशले प्रत्यक्ष अप्रत्यक्ष रूपमा आँधीको अनुभव गरेका छन् । आँधीले विभिन्न देशमा ठूलो जनधनको क्षति गरेका छन् ।

यसै साता शक्तिशाली तुफानसहितको समुद्री इयान आँधीले अमेरिकाको फ्लोरिडा राज्यमामा ठूलो भौतिक क्षति गरेको थियो । आँधीपछिको वर्षाका कारण कैयौँ घरहरु डुबेका थिए । आँधीका कारण १८ लाखभन्दा बढी मानिस विद्युत आपूर्ति बन्द हुँदा अन्धकारमा बस्न बाध्य भएका थिए ।

आँधी हरेक क्षेत्रमा आउने गर्छ । आज हामी आँधीको क्षति भन्दा पनि त्यसको नाम कसरी जुराइन्छ भन्ने विषयमा चर्चा गर्न लागिरहेका छौँ ।

आँधीको पहिचान, त्यसले पुऱ्याउने क्षति र निश्चित आँधीसँग सम्बन्धित विषय सम्झनाका लागि लामो समयदेखि यसको नामाकरण गर्ने अभ्यास छ । आँधीको नामकरण गर्दा निश्चित साइक्लोनबारे रिपोर्ट गर्न र समुदायलाई तयार हुन सजिलो बनाउने विज्ञहरु बताउँछन् ।

यति आक्षांश र देशान्तरमा यसरी हावाहुरी आउँदैछ भन्नु भन्दा पनि त्यसलाई निश्चित नामले सम्बोधन गर्दा सहज हुन्छ । सुरुवाती दिनमा आँधीको नाम जथाभावी राखिन्थ्यो । सन् १९५० को मध्येदेखि आँधीको नाम राख्ने प्रचलन सुरु भएको हो ।

सुरुमा महिलाको नामबाट आँधीको नाम राखिन्थ्यो । विस्तारै जलवायु तथा मौसमविद्ले अक्षरको बर्णअनुसार नाम राख्न थाले । जस्तै पहिलो पटक आउने आँधीको नाम ए बाट राख्न थालियो । अर्को पटक आउने आँधीलाई बीबाट नामाकरण गरियो ।

यस्तो नामकरण सम्बन्धित क्षेत्रका राष्ट्रिय हुरिकेन सेन्टरले गर्छन् । र, ती सेन्टर विश्व जलवायु संगठन (डब्लुएमओ)को अन्तर्राष्ट्रिय समितिबाट निरन्तर अपडेट हुन्छन् ।

सन् १९७९ पछि पहिलो पटक आँधीमा महिलाको नाम राखिन थालिएको थियो । सामान्यतया आँधका लागि ६ ओटा नाम 'रोटेसन'का आधारमा राखिन्छ । तसर्थ, सन् २०१९ मा राखिएको नाम सन् २०२५ पछि पुनः राखिन्छ ।

तर, कुनै आँधी विनाशकारी छ भने त्यसको नाम दोहोरिँदैन । त्यसको सट्टामा अर्को नाम रहन्छ । विनाशकारी आँधी आएमा डब्लुएमओको ट्रोपिकल साइक्लोन कमिटीको वार्षिक वैठकले सो नाम सूचीबाट हटाउँछ र अर्को नाम राख्छ ।

आँधीका कुख्यात नाम जस्तै म्याङहट (सन् २०१८ मा फिलिपिन्समा), इर्मा एन्ड म्यारिया (सन् २०१७ मा क्यारिवियनमा), हायन (सन् २०१३ मा फिलिपिन्समा), स्यान्डी (सन् २०१२ मा अमेरिकामा), क्याट्रिना (सन् २००५ मा अमेरिकामा), मिच (सन् १९९८ मा होन्डुरसमा) र ट्रेसी (सन् १९४७ मा डार्विनमा) को नाम सूचीबाट हटाइएको थियो ।

# विश्वका उत्कृष्ट सहरमा न्यूयोर्क प्रथम, काठमाडौं ६८७ औं स्थानमा



दमक/ अक्सफोर्ड इकोनोमिक्सले सार्वजनिक गरेको सन् २०२६ को विश्व सहर सूचकांकमा अमेरिकाको न्यूयोर्क पहिलो स्थानमा परेको छ। लन्डन दोस्रो र पेरिस तेस्रो स्थानमा छन् ।

विश्वका १ हजार ठूला सहरलाई अर्थतन्त्र, मानवीय क्षमता, जीवनस्तर, वातावरण र शासन गरी पाँच आधारमा मूल्यांकन गरेर समग्र सूची तयार गरिएको अक्सफोर्ड इकोनोमिक्सले जनाएको छ ।

यो सूचीका अनुसार अमेरिकाको न्यूयोर्क पहिलो स्थानमा रहँदा बेलायतको लन्डन दोस्रो र फ्रान्सको पेरिस तेस्रो स्थानमा रहेको छ ।

त्यसैगरी अमेरिकाको सियाटल चौथो, सान फ्रान्सिस्को पाँचौं र आयरल्यान्डको डब्लिन छैटौं स्थानमा रहेका छन् । सातौं स्थानमा अमेरिकाको बोस्टन, सान होजे आठौं स्थानमा, जापानको टोकियो नवौं स्थान र स्विट्जरल्यान्डको ज्युरिख दशौं स्थानमा रहेका छन् ।

काठमाडौं कुन स्थानमा ?

नेपालको राजधानी काठमाडौं समग्र सूचीमा ६८७औं स्थानमा रहेको छ। काठमाडौं यो स्थानमा पाँच वटा इन्डेक्सको आधारमा रहेको हो । काठमाडौं अर्थतन्त्रमा ६७० औं स्थानमा, मानवीय क्षमतामा ५६२औं स्थानमा, जीवनस्तर ८४० औं स्थानमा, वातावरणमा ६३९ स्थानमा र शासनमा ६३५औं स्थानमा रहेको छ ।

अक्सफोर्ड इकोनोमिक्सका अनुसार समग्र मूल्यांकनमा पाँचवटै आधारलाई जोडेर सहरको अवस्था मापन गरिएको हो। यसमा कुनै एउटा पक्षको मात्र अवस्था नभई सहरको आर्थिक अवस्था, जनशक्ति, बसोबास तथा जीवनस्तर, वातावरण र शासनको समग्र प्रदर्शनलाई समेटिन्छ ।

सूचीमा न्यूयोर्कले १०० अंकसहित पहिलो स्थान पाएको छ भने लन्डनले ९८.८ र पेरिसले ९३.४ अंक पाएका छन्। अस्ट्रेलियाको राजधानी क्यानबेरा विश्वमै जीवनस्तरका लागि सबैभन्दा राम्रो सहर बनेको छ । यो शहर समग्रमा भने ४५ औं स्थानमा छ ।

जीवनस्तरको मूल्यांकन गर्दा मानिसको आम्दानी, आम्दानीबीचको अन्तर, घरभाडा तथा आवास खर्च, औसत आयु, अपराधको अवस्था र मनोरञ्जन तथा सांस्कृतिक सुविधालगायत विषयलाई आधार बनाइएको छ ।

अर्थतन्त्र सूचकका शीर्ष ८ मध्ये ७ सहर अमेरिकाका छन्। सातौं स्थानमा लन्डन रहँदा अन्य स्थानमा क्रमशः न्युयोर्क, लस एन्जलस, सान जोस, सिएटल, सान फ्रान्सिस्को, डल्लास र वासिङ्टन रहेका छन् ।

मानवीय पुँजीमा भने लन्डन, दुबई, टोकियो, रियाद, न्युयोर्क, आबुधाबी, पेरिस र सेन्जेन क्रमशः पहिलोदेखि आठौं स्थानसम्म रहेका छन्। वातावरण सूचकमा होनोलुलु, फोर्टालेजा, बर्गन, वेलिङ्टन, अराकाजु, सुभा, स्टकहोम र सान्ता क्रुज डे टेनेरिफे क्रमशः पहिलोदेखि आठौं स्थानमा रहेका छन् ।

त्यस्तै सुशासनमा कोपनहेगन, आर्हस, अकल्यान्ड, वेलिङ्टन, क्राइस्टचर्च, हेलसिन्की, टाम्पेरे र ओस्लो क्रमशः पहिलोदेखि आठौं स्थानसम्म रहेका छन् ।




आज मिति
२०८३ साल
असोज ०३ गते
शनिबार
19 Sept. 2026
तिथि: अष्ठमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | शुभकार्यमा खर्च । राज्य पक्षको सहयोग । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | अंगमा पीडा । सामान्य धन लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | शत्रु परास्त । वैदेशिक काममा फलिफाप । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | व्यापारबाट लाभ । भाईबैनीसँग विवाद । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शिक्षामा रुचि । लेनदेनमा सफल । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मित्रबाट सहयोग । घरायसी सामान जोडिने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | नजिको यात्रा । पुरुषार्थले धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | बोलीले मित्र बन्ने । धन संग्रह गर्ने दिन । |
| धनु | य यो भा भी भ धा फा ढ भे | उत्तम भोजन । जीवन साथीको प्रगति । |
| मकर | भो जा जी खि खू खे खो गा गी | खर्च बढ्ने । कार्यमा बाधा । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नशा, अड्डीमा समस्या । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कार्यमा सुधार । पिताजीबाट सहयोग । |



**कहाँ जान्छौ मछडी मेरै ढडिया:** *शुक्रबार विहान परेको वर्षापछि दमक ४ स्थित पुरानो वडा कार्यालय नजिकै रहेको पैनीमा जोखिम मोलेर माछालाई जाल थाप्दै स्थानीय धिमाल समुदायका महिलाहरु । यहाँ सामान्य बाढी आउँदासमेत माछामार्नेहरुको भिड हुने गरेको छ ।* – **फोटो विमल लामिछाने**

## सूर्यदर्शन सहकारीको १७ औं साधारणसभा सुरू

# १ अर्ब ४६ करोड बढी उत्पादनशील क्षेत्रमा कर्जा लगानी



दमक – दमकमा सञ्चालित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाले २०८३ असार मसान्तसम्म १ अर्ब ४६ करोड ८७ लाख रूपैयाँ कर्जा लगानी गरेको छ । संस्थाले कर्जा लगानीलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने नीति लिएको जनाएको छ ।

संस्थाको १७औँ वार्षिक साधारणसभाका अवसरमा शुक्रबार अध्यक्ष टीकाराज सापकोटाले प्रस्तुत गरेको वार्षिक प्रतिवेदनमा उक्त तथ्यांक सार्वजनिक गरिएको हो । प्रतिवेदनअनुसार संस्थाले कर्जा लगानीपूर्व ५ 'सी' विश्लेषण तथा ऋणको सदुपयोगितालाई प्रभावकारी बनाउँदै प्रत्येक शेयर सदस्यलाई बढीमा १ करोड रूपैयाँसम्म लगानी गर्ने नीति अवलम्बन गरेको छ ।

संस्थामा बाह्य कर्जा तथा सापटी करिब १० करोड रूपैयाँ रहेको जनाइएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा बाह्य कर्जा घटाउँदै लैजाने नीति संस्थाले लिएको अध्यक्ष सापकोटाले बताए । कर्जाको ब्याजदरसमेत समयअनुसार परिवर्तन गरिएको प्रतिवेदनमा उल्लेख छ ।

कर्जा असुलीका क्रममा संस्थाको नाममा कायम भएका गैरबैंकिङ सम्पत्ति बिक्री गर्ने प्रक्रिया अघि बढाउने प्रस्ताव पनि साधारणसभामा प्रस्तुत गरिएको छ ।

संस्थाको चुक्ता शेयर पुँजी २०८३ असार मसान्तसम्म १२ करोड ३३ लाख २५ हजार रूपैयाँ पुगेको छ । नयाँ शेयर सदस्यलाई न्यूनतम १० हजार रूपैयाँको शेयर खरिद गर्न तथा पुराना सदस्यलाई थप शेयर खरिदका लागि प्रोत्साहित गर्ने नीति संस्थाले अघि सारेको छ ।

त्यस्तै, संस्थाको साधारण जगेडा कोषमा ११ करोड ४७ लाख ६९ हजार रूपैयाँ रहेको छ । अन्य कोषतर्फ ८४ लाख ९९ हजार रूपैयाँसहित संस्थाको कुल कोष रकम १२ करोड ३२ लाख रूपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

झापा जिल्ला सहकारी संघका अध्यक्ष प्रेमकुमार कोइरालाले शुक्रबार संस्थाको १७औँ वार्षिक साधारणसभाअन्तर्गतका कार्यक्रम उद्घाटन गरे । उनका अनुसार कारोबारका आधारमा सूर्यदर्शन सहकारी झापाका सहकारी संस्थामध्ये पाँचौँ ठूलो संस्था हो ।

उद्घाटन कार्यक्रममा कोइरालाले साधारणसभा शेयर सदस्यले संस्थाका विगतका गतिविधिको समीक्षा गर्दै आगामी योजना तय गर्ने महत्वपूर्ण थलो भएकाले यसको अधिकतम उपयोग गर्नुपर्ने बताए ।

साधारणसभा अध्यक्ष सापकोटाको अध्यक्षतामा भएको थियो । कार्यक्रममा संस्थाको स्थापनाकालदेखि कार्यरत रही हालै अवकाश प्राप्त कर्मचारी गोपाल पौडेललाई नगद र सम्मानपत्रसहित सम्मान गरिएको थियो । आर्थिक वर्ष २०८२/८३ का सर्वोत्कृष्ट कर्मचारीका रूपमा मेषराज आचार्यलाई पनि सम्मान गरिएको संस्थाले जनाएको छ ।

गत आर्थिक वर्षमा कार्यालय खुलेका सबै दिन नियमित उपस्थित भई जिम्मेवारी पूरा गर्ने आठ कर्मचारीलाई समेत नगद पुरस्कारसहित सम्मान गरिएको थियो । उनीहरूलाई अध्यक्ष सापकोटा, प्रमुख अतिथि कोइरालालगायतले सम्मान गरेका थिए ।

कार्यक्रममा अध्यक्ष सापकोटा र लेखा समिति संयोजक डिल्लीराम मुखियाले संस्थाको वार्षिक लेखा सुपरिवेक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

**कर्मचारीलाई .....** कार्यालयको गरिमामा आँच पुर्याउँछ नै अझ गम्भीर कुरा त, टिकटक वा लाइभ भिडियो बनाउँदा कार्यालयका गोप्य ढड्डा, नागरिकका व्यक्तिगत विवरण वा संवेदनशील सरकारी कागजातहरु पृष्ठभूमिमा देखिन गई सूचनाको गोपनीयता भङ्ग हुने र सुरक्षा जोखिम बढ्ने सम्भावना बढ्छ । प्रविधि नागरिकको सेवालाई छिटो र पारदर्शी बनाउने माध्यम हो, कार्यकक्षमा बसेर व्यक्तिगत मनोरञ्जन लिने साधन होइन । सार्वजनिक पदमा बसेका व्यक्तिहरूले कार्यालय समयको प्रत्येक मिनेट नागरिकको सेवामा समर्पित गर्नु नै सुशासनको पहिलो शर्त हो । सामाजिक सञ्जाल चलाउँदा, खेल्दा अत्यन्त रमाइलो, मजाक हुने भए पनि यसले धेरैको घरबार चौपट बनाइदिएको छ । नाता सम्बन्धमा दरार ल्याएको छ । यसको गलत प्रभावमा परेर विद्यार्थीको पढाइ बिग्रनुको साथै मानव बेचबिखनको जोखिम बढेका समाचार आइरहेका छन् । सामाजिक सञ्जालको प्रयोगले ससाना धेरै नानीबाबुको नयाँ विषयवस्तु सोच्ने क्षमतामा ह्रास ल्याउनुका साथै घरबाहिर गएर खेल्ने, सिक्ने, सामाजिक दायित्व निर्वाह गर्ने समय बर्बाद गरिदिएको छ ।

**१८२ जना....** घरमै पुगेर राहदानी वितरण गर्दैआएको छ ।

सरकारले अघि सारेको सेवा घरदैलोमै भन्ने नीतिअनुसार उक्त कार्यक्रम कार्यान्वयनमा आएसँगै प्रभावकारी भएको छ । पहिला भने सेवाग्राहीले राहदानी बनाएर महिनौपछि पुनः जिल्ला प्रशासन कार्यालय पुग्नुपर्ने अवस्था रहेको थियो । अहिले भने जिल्ला हुलाक कार्यालयमार्फत सेवाग्राहीको घरमै राहादानी विरतरण गर्न थालिएको छ । हुलाक कार्यालय र जिल्ला प्रशासन कार्यालयबिच सम्झौताअनुसार स्थानीय तहसँग समन्वय गरी नागरिकको घरमै राहदानी पुगाउने व्यवस्था मिलाइएको प्रशासन कार्यालय धनुकटाले जनाएको छ ।

अन्तर्राष्ट्रिय

## अमेरिकास्थित प्रवासी समुदायमा चर्कियो विभाजन

**एजेन्सी**/ इरानमाथि अमेरिका र इजरायलको सैन्य कारबाही सुरु भएको सात महिनापछि अमेरिकामा रहेका इरानी मूलका समुदायमा युद्ध र इरानी शासन परिवर्तनको विषयलाई लिएर गहिरो विभाजन देखिएको छ । इरानी शासनको विरोधमा रहे पनि सैन्य हस्तक्षेपबाट शासन परिवर्तन सम्भव छ कि छैन भन्ने विषयमा समुदाय विभाजित भएको हो । युद्धको विरोध गर्ने केही इरानी-अमेरिकीले आफूलाई शासन समर्थकको आरोप लाग्ने गरेको बताएका छन् भने युद्ध समर्थकहरूले शासन परिवर्तनका लागि सैन्य कारबाही आवश्यक रहेको बताएका छन् । क्यालिफोर्निया स्टेट युनिभर्सिटी, साक्रामेन्टोस्थित इरानी तथा मध्यपूर्वी अध्ययन केन्द्रकी निर्देशक साहर रजावीका अनुसार युद्धले इरानी प्रवासी समुदायमा पहिलेदेखि रहेको राजनीतिक तनाव थप बढाएको छ । उनका अनुसार युद्धका कारण परिवार र लामो समयदेखिका मित्रतासमेत प्रभावित भएका छन् ।

युद्ध सुरु हुँदा इरानी प्रवासी समुदायमा युद्धको समर्थन र विरोध लगभग बराबर रहेको भए पनि एक महिनापछि गरिएको सर्वेक्षणमा ६६.१ प्रतिशतले युद्धको विरोध र ३२.७ प्रतिशतले समर्थन गरेको पाइएको थियो ।

## भारत-भुटान ऊर्जा सहकार्य विस्तार

**एजेन्सी**/ भारत र भुटानले ऊर्जा परियोजनाका लागि चार हजार करोड भारतीय रुपैयाँको ऋण सुविधा (लाइन अफ क्रेडिट) सम्झौताको स्वागत गर्दै द्विपक्षीय ऊर्जा सहकार्य थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । भारतका विदेशमन्त्री एस जयशंकरको सेप्टेम्बर १६ देखि १८ सम्म भएको भुटान भ्रमणका क्रममा दुवै देशबीच द्विपक्षीय सहयोगका साथै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयमा छलफल भएको थियो ।

भेटवार्ताका क्रममा दुवै पक्षले भारत-भुटान ऊर्जा साझेदारीमा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्दै एक हजार २० मेगावाट क्षमताको पुनात्साङछु-२ जलविद्युत् आयोजना उद्घाटन र एक हजार २०० मेगावाटको पुनात्साङछु-१ जलविद्युत् आयोजनाको बाँध निर्माण पुनः सुरु हुनुलाई महत्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गरेका छन् ।

**आफ्नै.....** छन् । झापामा सिटौलानिकट रहेका नेताहरू पछिल्लो समय गगनतर्फ खुल्न थालेका छन् । विशेष महाधिवेशनमै झापाका पूर्वसभापति सुधीर शिवाकोटी गगन पक्षमा खुलेका थिए । लगत्तै प्रदेश सभापति उद्धव थापा, झापा सभापति देउमान थेबे, उपसभापति केशवराज पाण्डे, सचिव नवीन विमली, झापा ३ का क्षेत्रीय सभापति गणेश पोखरेललगायत नेताहरू पनि संस्थापनतर्फ खुलेका छन् ।

विशेष महाधिवेशनमा सहभागी नभएका १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यलाई वर्तमान केन्द्रीय समितिमा समायोजन गर्ने निर्णयपछि देउवा पक्ष र शेखर पक्षका नेताहरू केन्द्रीय बैठकमा सहभागी भएका हुन् । कोशीबाट पनि यसरी मूल कांग्रेसको संरचनामा फर्किने नेताहरूको संख्या उल्लेख्य छ ।

विगतमा देउवा पक्षमा रहेका मीनबहादुर विश्वकर्मा, रामहरि खतिवडा, सरस्वती बजिमय, उमेशजंग रायमाझी, सीता गुरूङ, प्रदीपकुमार सुनुवार, भीम पराजुलीलगायत नेता बिहीबारको बैठकमा सहभागी भए । त्यसभन्दा केही समयअघि नै लक्ष्मी परियार, आङ्गेलु शेर्पा र राजीव ढुंगानाले पनि देउवा समूह छाडेर गगन थापा नेतृत्वको संरचनामा समाहित हुने बाटो रोजेका थिए ।

शेखर समूहबाट रुक्मिणी कोइरालाले शेखरको साथ छाडेकी छन् । यसअघि सुजाता कोइराला, राजीव कोइरालालगायत नेता पनि शेखर समूहबाट अलग भएका थिए ।

शेखरका लागि आफ्नै गृहजिल्ला मोरङमै प्रतिकूल देखिएको छ । सभापति डिगबहादुर लिम्बू, उपसभापति भक्तिनाथ माझी, सचिव मोदराज घिमिरे नै संस्थापनतिर सक्रिय भइसकेका छन् । कोशी प्रदेशसभामा कांग्रेसका २९ सांसद छन् । तीमध्ये केदार कार्की, भूपेन्द्र राई, भूमिप्रसाद राजवंशी र रामकुमार खत्री मात्रै संस्थापनइतरतर्फ देखिएका छन् । उनीहरूमध्ये झापाका राजवंशी सिटौलाकै गृहक्षेत्र ( झापा ३) का हुन् । कांग्रेसले १५औं महाधिवेशनका लागि असोज १६ देखि १९ गतेसम्मको मिति तोकेको छ ।

**झापामा.....** अहिलेको मुख्य चुनौती रहेको उनको भनाइ थियो ।

महाधिवेशनका लागि झापामा निर्वाचन अधिकृतको जिम्मेवारी पाएका दिव्यराज घिमिरेले यसपटक प्रतिनिधित्वका लागि क्लस्टरमा परिवर्तन गरिएको र प्रतिनिधित्वको दायरा फराकिलो बनाइएको जानकारी दिए ।

कांग्रेस झापाका सभापति देउकुमार थेबेले वडा तहदेखि केन्द्रीय तहसम्मका अधिवेशनलाई एकताको आधारमा अघि बढाउनुपर्ने बताए । सहमति, सहकार्य र एकताबाट मात्रै संगठन मजबुत बन्ने उनको भनाइ थियो ।

बैठकमा कांग्रेसका केन्द्रीय सदस्य, कोशी प्रदेश समितिका पदाधिकारी तथा सदस्य, जिल्ला समितिका पदाधिकारी तथा सदस्य, क्षेत्रीय, प्रदेशसभा क्षेत्रीय तथा गाउँ-नगर समितिका सभापतिहरूको सहभागिता थियो। बैठकको सहजीकरण जिल्ला सचिवद्वय नवीन विमली र कमल भण्डारीले गरेका थिए ।

बैठकले झापाका १३१ वटै वडामा तोकिएका निर्वाचन अधिकृतलाई शुक्रबार जिल्ला पार्टी कार्यालयमा प्रशिक्षण दिएको छ । प्रशिक्षणपछि आवश्यक निर्वाचन सामग्रीसहित उनीहरूलाई सम्बन्धित वडामा खटाइने कांग्रेस झापाले जनाएको छ ।


**संविधान दिवस भव्यरुपमा मनाऔं**

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

*संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## अर्जुनधारा नपाले बनायो ६२ स्थानीय कानुन

**विर्तामोड**/ अर्जुनधारा नगरपालिकाले सेवा प्रवाह र कार्यसम्पादनलाई व्यवस्थित गर्न पहिलो स्थानीय तह निर्वाचनपछि नौ वर्षको अवधिमा ६२ वटा स्थानीय कानुन निर्माण गरी लागू गरेको छ । नगरपालिकाका अनुसार यस अवधिमा २१ ऐन, सात नियमावली, ३२ कार्यविधि र दुई वटा निर्देशिका निर्माण भएका हुन् । स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका विभिन्न विषयलाई व्यवस्थित गर्न आवश्यक कानुनी आधार तयार गर्ने उद्देश्यले ती कानुन निर्माण गरिएको नगरपालिकाले जनाएको छ । नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङले स्थानीय आवश्यकता र नगरवासीको अपेक्षालाई सम्बोधन गर्नेगरी कानुन निर्माण गर्दै त्यसको कार्यान्वयनमा जोड दिइएको बताए ।

संविधानले संघ र प्रदेश कानुनसँग नबाझिने गरी स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र कानुनतर्जुमा र कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार नगरपालिकाले स्थानीय आवश्यकता र अधिकार क्षेत्रका विषयमा कानुन निर्माण गरेको जनाएको छ ।

स्थानीय कानुन निर्माणसँगै नगरपालिकाले विवाद समाधानका लागि न्यायिक संयन्त्रलाई सक्रिय बनाएको छ । न्यायिक समितिमा आर्थिक वर्ष २०७९/८० देखि हालसम्म ५९० मुद्दा दर्ता भएकामा ४२२ वटा फछ्र्योट भएका छन् ।

स्थानीयस्तरमा विवाद समाधान गर्ने उद्देश्यले नगरपालिकाका ११ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ । ती केन्द्रमा ८४ जना मेलमिलापकर्ता सूचीकृत रहेको

**१३ वटा.....** सिफारिस गरिएका राजदूतहरूलाई अब सरकारले संसदीय सुनुवाइका लागि संघीय संसद्मा पठाउनेछ ।

मन्त्रिपरिषद्को निर्णयअनुसार भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा र संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ थापा राजदूतमा सिफारिस भएका छन् । संयुक्त अधिराज्य (बेलायत) का लागि अवकाश प्राप्त पूर्वप्रधान सेनापति गौरव शम्शेर जंगबहादुर राणा, जापानका लागि जिग्यान कुमार थापा, इजरायलका लागि सुरेशकुमार कर्ण र स्पेनका लागि प्राप्ति शेरचनको नाम सिफारिस गरिएको छ ।

यसैगरी जर्मनीका लागि शारू जोशी, ओमानका लागि डा. पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्रा. डा. संगम श्रेष्ठ, श्रीलंकाका लागि डा. मञ्चल झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई राजदूतका रूपमा सिफारिस गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२


## बाढीमा ४ सय ९२ जना अझै सम्पर्कविहीन

**दमक**/ भदौ १० गते भोटेकोसीमा आएको विनाशकारी बाढीपछि सम्पर्कविहीन बनेकाको खोजीका क्रममा माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको टनेलबाट ६ वटा शव निकालिएको छ ।

नेपाली सेनाका अनुसार आयोजनाका प्रतिनिधिसहितको संयुक्त उद्धार टोलीले अडिट-३ टनेलभित्र खोजी गर्ने क्रममा ढलानका लागि बुनिएको डन्डीको जालीको भित्री भागमा अल्झिएको अवस्थामा ती शव फेला पारेको हो ।

ग्रिन्डर, ग्यास कटर र रोटरी रेस्क्यु उपकरण प्रयोग गरी शवहरु टनेलबाट बाहिर निकालिएको सेनाले जनाएको छ । टनेलको भित्री भागमा हिलोले छोपिएको अवस्थामा अन्य शवजस्तो आकृति समेत देखिएकाले सो क्षेत्रमा थप खोजी कार्य भइरहेको छ । भोटेकोसीमा आएको बाढीपछि माथिल्लो त्रिशूली–१ आयोजनाबाट सबैभन्दा धेरै व्यक्ति सम्पर्कविहीन भएका छन् । बिहीबारसम्मको तथ्यांकअनुसार आयोजनामा कार्यरत ४९२ जना अझै सम्पर्कविहीन छन् भने ९३६ जना सम्पर्कमा आइसकेका छन् ।

आयोजनामा कुल १ हजार ४३३ जना जनशक्ति कार्यरत थिए । कोरियाली लगानीमा निर्माण भइरहेको यो जलविद्युत् आयोजनामा बाढीपछि सम्पर्कविहीन भएकाको खोजी तथा उद्धारका लागि सुरक्षाकर्मी र आयोजनाका प्रतिनिधिसहितको टोली परिचालन गरिएको छ । यसअघि प्राप्त विवरणमा आयोजनाको टनेलभित्र अन्य शवजस्तो आकृति समेत देखिएको जनाइएको थियो । सोही आधारमा खोजी तथा उद्धार टोलीले टनेलको भित्री भागमा खोजीलाई निरन्तरता दिइरहेको सेनाले जनाएको छ ।

## उपप्रमुख शेर्पा र वडाध्यक्ष प्रधान एमालेबाट निष्कासित

**दमक**/ नेकपा एमालेले भोजपुर नगरपालिकाकी उपप्रमुख निर्मला शेर्पालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ । पार्टीविरूद्ध निरन्तर अभिव्यक्ति दिएको र पार्टी हितविपरीत कार्य गरेको आरोपमा प्रदेश कमिटीले उनलाई कारबाही गरेको हो ।

एमाले प्रदेश कमिटी पदाधिकारीको बुधबार बसेको बैठकले शेर्पालाई कारबाही गर्ने निर्णय गर्दै अनुमोदनका लागि केन्द्रीय कमिटीमा सिफारिस गरेको प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडाले बताए ।

२०७९ को निर्वाचनमा एमालेबाट भोजपुर नगरपालिकाको उपप्रमुखमा निर्वाचित शेर्पा एमाले प्रदेश कमिटी सदस्यसमेत थिइन् ।

यसैगरी एमालेले भोजपुर नगरपालिका-८ का वडाध्यक्ष नवीन प्रधानलाई पनि पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको छ । भोजपुर जिल्ला कमिटी सचिवालय सदस्य रहेका प्रधानका विषयमा जिल्ला कमिटीले गरेको कारबाही सिफारिसलाई प्रदेश कमिटीले अनुमोदन गरेको हो ।


दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने, वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)



◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com